मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कलैया, बारा

फोन नं.:०५३–५५००१७
फ्याक्स नं.: ०५३–५५१२१७
वेबसाईट: https://bara.akc.gov.n
ईमेल: dado.bara@yahoo.com

## व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२।१०।१३

यस कृषि ज्ञान केन्द्र,बाराको चालु आ.व. २०८२/८३ को स्विकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक उखु खेती परियोजना कार्यक्रम रहेको हुँदा सो कार्यक्रम संचालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात २०८२।१०।२७ गते सम्म परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि-,
२. सम्वन्धित स्थानीय निकायको सिफारिस,
३ कृषक समुह/सहकारीको हकमा १५ बिगाहाको जग्गाधनीपूर्जाको प्रतिलिपि ।
४. कृषकको हकमा १० कठ्ठाको जग्गाधनीपूर्जाको प्रतिलिपि,
५ .पेश गरेको जग्गाधनीपूर्जाको मालपोत तिरेको रसिदको प्रतिलिपि,
६ समुह/सहकारी/फर्मको हकमा पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक बर्षभन्दा पुरानो अनुदानग्राहीको हकमा करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र लर्खा परीक्षण प्रतिवेदनको प्रतिलिपि
७. समुह/सहकारी/फर्मको हकमा संस्थाको कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा ।

संचालन हुने कार्यक्रमहरु

१. सिचाई प्रणाली : स्यालो टयूबवेल/सोलारपम्प/मोटर जस्ता साना सिचाईलाई प्रोत्साहन गरिनेछ ।
२. यान्त्रिकरण :
(क) उखु खेतीमा यान्त्रिकरण प्रवर्द्धनका लागि सहकारी संस्था संगको सहकार्यमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एवम् संचालन गरिनेछ ।
(ख) कृषकहरुको हकमा बीउ/सेट्स काटने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने ,स्वचालित यन्त्र (मिनि टिलर, पावर टिलर. आदी ),पावर स्प्रेयर, खुटी व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु जस्तै एम.बि.पलाउ, ट्रेन्च रिजर, वर्ड चिपर, बर्ड कटर, केन प्लान्टर मेसिनहरुमा सहयोग उपलब्ध गराईनेछ।

३. घुसुवा वाली प्रवर्द्धन: उखु खेतीमा घुसुवा वाली प्रवर्द्धनको लागि घुसुवा वाली प्रदर्शनी कार्यक्रम कम्तिमा १०कठ्ठामा संचालन गरिनेछ घुसुवा वालीको लागि चाहिने बिउ,मल लगायत अन्य उत्पादन सामाग्री उपलब्ध गराईनेछ।

नोट: अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ ।

राजनारायण प्र. सा...
निमित प्रमुख